# बागमती प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# हेटौंडा, मकवानपुर, नेपाल

## बैठक -७४

मितिः २०७९/०३/१६ गते

**निर्णयहरु:**

१. यस प्रदेशको स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट सिटीस्क्यान मेसिन खरिद प्रकृयामा अनियमितता भएको भनिएको सम्बन्धमा र प्रदेश सरकारमार्फत वितरण गरिएको कृषि अनुदान (आ.व. २०७६/७७ देखि हालसम्म) सम्बन्धमा सम्मानित सदनमा विषय प्रवेश भएकाले सो सम्बन्धमा सत्य तथ्य जाँची कारबाही अगाडी बढाउन मिल्ने वा नमिल्ने सम्बन्धमा छानबिन गर्न सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधी, २०७५ को दफा ६ को उपदफा ५(१) बमोजिम समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको नेतृत्वमा माननीय चन्द्र बहादुर लामा र माननीय रमेश पौडयाल सदस्य रहने गरी उपसमिति गठन गर्ने र उक्त उपसमितिको समयसीमा २०७९ साल श्रावण १० गतेसम्म रहने ।

२. समितिको वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश अन्तर्गतका **स्थानीय तहमा सार्वजनिक लेखा समितिको गठन र त्यसको प्रभावकारिता स्थानीय तहसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम** अन्तर्गत २०७९ असार १७ गते र असार २० गते गर्ने भनिएकोमा विशेष कारणवश उक्त कार्यक्रम तपसिल बमोजिम सञ्चालन गर्ने।

| क्र. सं. | मिति | कार्यक्रम हुने स्थान | जिल्ला अन्तर्गत स्थानीय तहहरु |
|---|---|---|---|
| १ | २०७९।०३।२० | काठमाडौं | काठमाडौं, भक्तपुर र ललितपुर |
| २ | २०७९।०३।२२ | धुलिखेल | सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक |